# कालोसूची, खरिद पुनरावलोकन र राय सम्बन्धी व्यवस्थाहरु
# (Blacklisting, Procurement Review and Opinion from PPMO)

सार्वजनिक खरिद अनुगमन कार्यालय,
केसरमहल, काठमाण्डौ

# विषयवस्तुः

- कालो सूची सम्बन्धी कानूनी व्यवस्था
- आचरण सम्बन्धी व्यवस्था
- सार्वजनिक खरिद पुनरावलोकन समिति सम्बन्धी व्यवस्था
- अन्य (Corruption Charge List, कर्जा असूली केन्द्र)
- कानूनी राय

"Ignorance of Law is no excuse"
(कानूनको अनबिज्ञता क्षम्य हुँदैन)




- listing negatively or deleting a person’s name from the list and refusing to deal with him.





- Simply buying some thing expending money
- A procurement made with Public Money is called Public Procurement.




- Blacklisting in procurement means to exclude a contractor deliberately from participating or contracting in tender process.

- transparency
- good management
- prevention of misconduct, compliance and monitoring and accountability
- control for enhancing integrity

# -OECD Recommendation on 4 pillar of Public Procurement.


fairness and accountability,
length of debarment,
applicability of debarment
assurance of due process
transparency
Uniformity
Requirement for Blacklisting on Procurement

# आचरण सम्बन्धी व्यवस्था

सार्वजनिक खरिदमा संलग्न पदाधिकारी दफा-६१

बोलपत्रदाता वा प्रस्तावदाता दफा ६२

# सार्वजनिक खरिदमा संलग्न पदाधिकारी

- सार्वजनिक खरिद तर्जुमा गर्ने,
- खरिद कारवाहीमा सञ्चालन गर्ने,
- खरिद सम्झौता कार्यान्वयन गर्ने,
- खरिद सम्बन्धी तोकिए बमोजिमको अन्य काम गर्ने कार्यमा संलग्न कुनै पदाधिकारी

# आचरणः (क-झ)

- खरिद कारवाहीमा बोलपत्रदाताको स्वच्छ प्रतिस्पर्धा हुनेगरी आफ्नो कर्तव्य निष्पक्ष ढङ्गले पालना गर्ने,
- खरिद कारवाहीको संचालन सार्वजनिक हित हुने गरी गर्ने,
- खरिद सम्बन्धमा आफ्नो काम वा आचरण वा ब्यबहारबाट स्वार्थ बाझिने कार्य नगर्ने,
- खरिद कारबाईको सिलसिलामा आफूले थाहा पाएको बोलपत्रदाताको सम्पत्ति सम्बन्धी जानकारी लगायतका अन्य सबै जानकारी गोप्य राख्ने,
- आफू पदमा बहाल रहँदाका बखत खरिद कारोबार गरेका ब्यक्ति, फर्म, संस्था, कम्पनी र यस्तैप्रकृतिका अन्य कुनै नीजि संस्थामा आफू पदबाट अवकाश भएको दुई वर्षसम्म काम नगर्ने,

# क्रमश.....

- आफू संलग्न भएको खरिद कारबाईमा आफ्ना नजिकका नातेदारहरुले बोलपत्रदाता वा प्रस्तावदाताको रुपमा भाग लिएको जानकारी हुन आएमा आंफू भन्दा एक तह माथिको अधिकारीलाई तुरुन्त जानकारी दिई त्यस्तो खरिद कारबाईबाट आफू अलग हुनु पर्ने,
- खरिद सम्बन्धी काम कारबाही गर्दा प्रचलित कानून विपरित हुने काम नगर्ने,
- भ्रष्टाचार वा जालसाजीपूर्ण कार्य गर्न वा त्यस्तो कार्यमा संलग्न हुन नहुने,
- प्रतिस्पर्धाको लाभबाट वञ्चित गर्ने गराउने उदेश्यले बोलपत्र वा प्रस्ताव पेश गर्नु भन्दा अघि वा पछि मिलीमतो गर्न वा गुटबन्दीमा संलग्न हुन नहुने ।

# सार्वजनिक खरिदमा संलग्न पदाधिकारीले आचरण पालना नगरेमा दफा ६१क.

- सम्बन्धित कार्यालय वा अख्तियार प्राप्त निकायले त्यस्ता पदाधिकारी उपर प्रचलित कानून बमोजिम **विभागीय कारवाही** गर्न अख्तियार प्राप्त अधिकारी समक्ष लेखी पठाउन सक्नेछ ।

- त्यस्ता पदाधिकारीलाई कानून बमोजिम विभागिय कारवाही गरी सो को जानकारी सम्बन्धित कार्यालय वा अख्तियार प्राप्त निकायलाई दिने।

# बोलपत्रदाता वा प्रस्तावदाताको आचरण

- ✓यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, खरिद सम्झौता तथा खरिद सम्बन्धी अन्य लिखतमा उल्लेख भए अनुरुपको दायित्व पालना गर्ने

# बोलपत्रदाता वा प्रस्तावदाताको आचरण (क-छ)

- प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अनुचित प्रलोभन दिन वा सोको प्रस्ताव गर्न,
- तथ्य बंग्याई वा झुक्याई पेश गर्न,
- भ्रष्टाचारजन्य वा जालसाजीपूर्ण कार्य गर्न वा त्यस्तो कार्यमा संलग्न हुन,
- बोलपत्र वा प्रस्ताव सम्बन्धी काम कारवाहीमा कुनै किसिमले संलग्न हुने अन्य प्रतिस्पर्धी बोलपत्रदाता वा प्रस्तावदाताको सहभागितामा हस्तक्षेप गर्न,
- खरिद कारवाहीमा संलग्न कुनै व्यक्तिको जीउ ज्यान वा सम्पत्ति नोक्सान गर्ने प्रत्यक्ष वा अप्रत्यक्ष धम्की दिने कार्य वा करकापजन्य कार्य गर्न,

# क्रमश.....

- बोलपत्रदाताहरु वा प्रस्तावदाताहरुबीच खरिद सम्बन्धी काम बाँडफाँड गर्ने वा बोलपत्र वा प्रस्तावको मूल्य कृत्रिम वा अप्रतिस्पर्धी तरिकाले कायम गर्ने वा अन्य कुनै तरिकाले सार्वजनिक निकायलाई खुल्ला तथा स्वतन्त्र प्रतिस्पर्धाको लाभबाट वञ्चित गर्ने उद्देश्यले बोलपत्र वा प्रस्ताव पेश गर्नु भन्दा अघि वा पछि मिलोमतो गर्न वा गुटबन्दीमा संलग्न हुन,
- बोलपत्र वा प्रस्ताव खोलेको समय देखि बोलपत्र वा प्रस्ताव स्वीकृतीको सूचना नदिंदा सम्मको अवधिमा बोलपत्र वा प्रस्तावका सम्बन्धमा प्रभाव पार्ने उद्देश्यले सार्वजनिक निकायसँग सम्पर्क गर्न वा बोलपत्रको परीक्षण र मूल्यांकनमा वा प्रस्तावको मूल्यांकनमा कुनै किसिमले प्रभाब पार्ने कार्य गर्न।

# कालोसूची सम्बन्धी व्यवस्थाः

- कालोसूचीलाई परिभाषित नगरिएको।

- बोलपत्रदाता,प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माणव्यसायी वा व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई निजको कार्य गम्भीरताका आधारमा PPMO ले कालोसूचीमा राखिने।

- बैक वा वित्तिय संस्थाले ऋण नतिरी कालोसूचीमा राखेकोले पनि त्यस्तो कालोसूचीमा रहेको अवधिसम्म सार्वजनिक खरिदमा भाग लिन नसक्ने।दफा ६३(३)
- ITB- Section 3: corrupt practice, fraudulent practice, coercive practice, collusive practice, integrity violation.

# कालो सूचीमा राखिने अवस्थाः दफा ६३(१); क-च

- दफा ६२ बमोजिमको आचरण विपरित काम गरेको प्रमाणित भएमा,
- खरिद सम्झौता गर्न नआएमा,
- खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटी गरेमा वा सम्झौता बमोजिमको दायित्व सारभूत रुपमा पालना नगरेमा,
- सम्झौता बमोजिमको कार्य सो सम्झौता बमोजिमको गुणस्तरको नभएको कुरा प्रमाणित भएमा,
- खरिद सम्झौतामा भाग लिन अयोग्य ठहरिने कुनै फौजदारी कसुरमा अदालतबाट दोषी ठहरिएमा,
- योग्यता ढाँटी वा झुक्यानमा पारी खरिद सम्झौता गरेको कुरा प्रमाणित हुन आएमा,
- तोकिए बमोजिम अन्य कुनै अवस्थामा।

# नियमावलीको १२औं संशोधनबाट थप

❖**निर्माण कार्यको लागि आह्वान हुने खुल्ला बोलपत्र प्रकृयामा निर्माण व्यवसायीले एकल वा संयुक्त उपक्रमको रुपमा बढीमा पाँच वटा बोलपत्रको प्रकृयामा भाग लिई सम्झौता गर्न सक्नेछ। -(४घ१)**

❖ पाँचवटा भन्दा बढी बोलपत्र पेश गरेमा त्यस्ता पेश भएका बोलपत्र मध्ये न्यूनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही शुरूका पाँचवटा बोलपत्रमा सम्झौता गर्नु पर्ने

❖बोलपत्रको क्रम निर्धारण गर्दा बोलपत्र स्वीकृत भएको मितिको आधारमा निर्धारण गर्नु पर्ने- (४ङ२)

- सार्वजनिक निकायमा दाखिला गरेको भए पाँचौं बोलपत्र स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले **<u>तीन दिनभित्र</u>** सम्बन्धित सार्वजनिक निकायलाई लिखित रूपमा जानकारी गराउनु पर्ने।–(४ङ३)
- यसरी जानकारी प्राप्त भएमा निर्माण व्यवसायीलाई बोलपत्रको मूल्यांकन प्रक्रियाबाट हटाउनु पर्ने, बोलपत्र जमानत जफत गरिने छैन।

**तर सार्वजनिक निकायलाई जानकारी नगराएमा वा जानकारी गराउनु पर्ने अवधि व्यतीत भएपछि जानकारी प्राप्त भएमा निज बोलपत्रदातालाई कालो सूचीमा सिफारिस गर्नुपर्ने –(४ङ५)**

**कालो सूचीको सिफारिस प्राप्त नभएतापनि सार्वजनिक खरिद अनुगमन कार्यालयले कुनै पनि श्रोतबाट त्यस्तो व्यहोराको जानकारी प्राप्त गरेमा स्वयम् कालो सूचीमा राख्ने प्रक्रिया सुरु गर्न सक्नेछ।**

- ITB: Section-3.3: Grounds
- Section 3.4: -PPMO

  -DP in case of DP funded project

  - Credit Information Bureau

Natural person or firm/institution/company which is already blacklisted and ineligible by GoN, any other new or existing firm/institution/company owned partially of fully by such Natural Person or Owner or Board of director of blacklisted firm/institution/
company; shall not be eligible bidder.

-Section 3.5

# कालो सूचीको प्रकृया (नियम १४१(१-१५)

- ✓सार्वजनिक निकायबाट विस्तृत विवरण र कारण खुलाई सम्बद्ध कागजात सहित PPMO मा पठाउने,-१४१(१)
- ✓PPMO बाट सम्बन्धित बोलपत्रदातालाई ३० दिनको समयाविधी दिई लिखित स्पष्टीकरण माग गर्ने,-१४१(४)
- ✓३० दिन भित्र लिखित स्पष्टिकरण प्राप्त नभएमा राष्ट्रियस्तरको समाचारपत्रमा ७ दिनको समयावधी दिई माग गर्ने।-१४१(४क)

# रोक लगाउन सक्नेः

- ✓तत्काल सार्वजनिक खरिदमा भाग लिन रोक लगाउनु पर्ने देखिएमा कालो सूचीको प्रकृया पूरा नभएसम्म नयाँ खरिद प्रकृयामा भाग लिन रोक लगाउन सक्नेछ।-१४१(२)

- ✓त्यस्तो रोक लगाउने निर्णय गरेमा सम्बन्धित बोलपत्रदातालाई ७ दिन भित्र सो को सूचना दिने, सार्वजनिक रुपमा सूचना प्रकाशन गर्ने -१४१(३)

# सुनुवाई सम्बन्धी व्यवस्था १४१(६);

- ✓बोलपत्रदाताले स्पष्टीकरण पेश गर्दा आफू र सार्वजनिक निकाय बिच संयुक्त सुनुवाई गरी दिन अनुरोध गर्न सक्ने,
- ✓PPMO ले सुनुवाई गर्न उचित ठानेमा त्यस्तो सुनुवाई हुने समय र स्थानबारे लिखित सूचना पठाउने,

- ✓ **तर उक्त समय र स्थानमा कुनै पक्ष उपस्थित नभएमा सुनुवाई रोकिने छैन।१४६(९)**
- ✓मौखिक स्पष्टीकरण र भनाई राख्ने मौका दिईने

# कालो सूचीमा राख्ने वा नराख्ने निर्णय गर्ने अवधी (१४१(१४))

- ✓कालो सूचीमा राख्न अनुरोध/सिफारिस प्राप्त भएको छ महिना भित्र।
- ✓यो नियमावली प्रारम्भ हुनुअघि कुनै सार्वजनिक निकायले कालोसूचीमा राखेको वा राख्ने निर्णय गरेको भएमा त्यस्तो निकायले सो कुराको जानकारी यो नियमावली प्रारम्भ भएको तीस दिनभित्र PPMO पठाउनु पर्ने। १४१(१५)

# कालोसूचीको अवधिः दफा ६३

- ✓१ वर्ष – ३ वर्ष सम्म राख्न सकिने
- ✓(कसुरकोको गाम्भिर्यताको आधारमा)
  - ✓ ठेक्काको रकम
  - ✓ म्याद थप
  - ✓राज्यलाई हुने नोक्सानी
  - ✓किर्ते
  - ✓सम्झौता भएको अवधि र सम्पन्न गर्नु पर्ने फरक

# फुकुवा सम्बन्धी व्यवस्था १४२

- ✓कालो सूचीमा फुकुवा गर्ने सम्बन्धमा मापदण्ड तयार गर्नुपर्ने।
- ✓उक्त मापदण्ड अनुसार कालो सूचीबाट फुकुवा गरिनेछ ।
- ✓हालसम्म मापदण्ड तयार गर्न प्रारम्भिक मस्यौदा तयार गर्ने चरणमा रहेको ।

# स्थगन (Suspend)

- कालो सूचीमा राख्ने गरी निर्णय भएको अवस्थामा अदालतबाट अन्तरिम वा अल्पकालिन आदेश जारी भएको सूचना प्राप्त भएमा अदालतको आदेश बमोजिम नै निर्णय कार्यान्वयन हुन्छ ।

- पछी मुद्दा खारेज भएमा पूर्व निर्णय अनुसार कालो सूचीको निर्णय कार्यान्वयन गरिन्छ।

# कालो सूचिको निर्णय स्थगन गर्ने(१२औं संशोधनबाट) १४१क.

- सार्वजनिक खरिद अनुगमन कार्यालयले नियम १४१ बमोजिम कालो सूचीमा राखेको निर्णय उपर कुनै बोलापत्रदाताले दायर गरेको रिट नेबेदन मा सम्मानित अदालतबाट सो कालो सूचीको निर्णय यथास्थितिमा राख्नु, कार्यान्वयन नगर्नु नगराउनु भनी जारी भएको अल्पकालीन वा अन्तरिम आदेश प्राप्त भएपछि सार्वजनिक खरिद अनुगमन कार्यालयले उक्त आदेशमा लेखिएको अवधिभरको लागि कालो सूचीको निर्णय स्थगन गर्नु पर्नेछ

- सो बमोजिम प्राप्त भएको अल्पकालीन वा अन्तरिम आदेशनै खारेज भएमा सार्वजनिक खरिद अनुगमन कार्यालयले आफुले पहिले कालो सूचीमा राख्ने निर्णय गरेको मिति देखि सो अन्तरिम आदेश अनुसार कालो सूचीमा राख्ने निर्णय स्थगन हुनु अघिसम्म निज बोलापत्रदातालाई बोलपत्रको कारबाहीमा भाग लिन निषेध गरिएको अवधी कटाई बाँकी रहने अबधिको हिसाब गरी सो बाँकी अबधिको लागि पूर्व निर्णय बमोजिम नै कालो सूचीको निर्णय पुनःसक्रिय गरी कार्यान्वयन गर्नु पर्नेछ

- **Total period of blacklist – (Initiation of date of blacklist – period before suspension as per the court order) = Remaining Period**

# कालो सूचीको लागि सिफारिस गर्दा पठाउने कागजात


- ✓कालो सूचीमा राख्न भर्नुपर्ने फारम
- ✓सम्बन्धित सा. नि. ले कालो सूचीमा राख्ने गरी गरेको निर्णयको प्रमाणित प्रतिलिपि
- ✓बैंक जमानत जफत गरेको प्रमाण
- ✓सम्झौताको प्रमाणित प्रतिलिपि

# Checking of Blacklisted bidders

- प्राविधिक प्रस्तावको मूल्याङ्कन/ छनौट
- आर्थिक प्रस्तावको मूल्याङ्कन/ छनौट
- सम्झौता गर्ने समयमा

- PPMO को WEBSITE मा DOWNLOAD मा गएर लिस्टमा हेर्नुभयो भने BLACKLISTING REQUEST FORM

# Website




| | | | |
|---|---|---|---|
| प्रा.लि. ज.भा | | | |
| श्री आत्रेय निर्माण सेवा प्रा.लि | 2022-05-11 to 2024-05-10 | Civil Works | Active |
| श्री तितुङ कन्स्ट्रक्सन प्रा.लि., | 2022-04-04 to 2023-04-03 | Civil Works | Active |
| श्री कुशलदेव निर्माण सेवा, | 2022-04-04 to 2023-04-03 | Civil Works | Active |
| श्री फैजल एण्ड अफजल कन्स्ट्रक्सन | 2022-04-04 to 2023-04-03 | Civil Works | Active |
| श्री कर्णाली विल्डर्स | 2022-04-04 to 2023-04-03 | Civil Works | Active |
| श्री चिराग कन्स्ट्रक्सन | 2022-04-04 to 2023-04-03 | Civil Works | Active |
| श्री TBEA Energy (India) Private Limited Consortium (Leader) with P P Industries Pvt. Ltd | 2022-04-04 to 2025-04-03 | Goods | Suspend |
| श्री आरोग्य कन्स्ट्रक्सन प्रा.लि., | 2022-01-20 to 2025-01-19 | Civil Works | Suspend |
| श्री शाह निर्माण सेवा, | 2022-01-20 to 2023-01-19 | Civil Works | Active |
| श्री एस. एन. सी. निर्माण सेवा प्रा.लि., | 2022-01-20 to 2023-01-19 | Civil Works | Active |
| श्री ग्रीन टेक प्रोजेक्ट प्रा.लि | 2022-01-20 to 2023-01-19 | Other Services | Active |

# Website



merolagani - Nepal Stock Exch
(no subject) - prashanshaadhik
कति बेला पर्यायवाचि - Google Se
Black Listed Organization | Pu
Settings
ppmo.gov.np/index.php?route=information/black_lists&page=4&page=5
Procurement of Ration
Direct Purchase
Catalogue Shopping Guideline
Suggestion Form for PPA 2063 and PPR 2064
All Notices, Events and Press Releases
Standard Bidding/ Consulting Documents
Public Procurement Bulletin
Advice & Opinion System
Corruption Charges List
Check Mail
Feedbacks
Archive
2021-05-31 to 2023-05-30 Goods Suspend
अमित निर्माण सेवा 2021-05-31 to 2022-05-30 Civil Works Inactive
Sagun-Yojan J.V 2021-05-31 to 2022-05-30 Goods Inactive
Nepal Poly Pipe Pvt. Ltd. 2021-05-31 to 2023-05-30 Goods Suspend
रिजन एण्ड रियाना कन्स्ट्रक्शन प्रा.लि 2021-05-31 to 2022-05-30 Civil Works Inactive
राम्चे सिद्ध निर्माण सेवा प्रा.लि. 2021-05-06 to 2023-05-05 Civil Works Suspend
बेलका कन्स्ट्रक्सन कम्पनी प्रा. लि 2021-05-06 to 2022-05-05 Civil Works Inactive
बराह गोबरग्याँस तथा नवीकरणीय उर्जा प्रा. लि. 2021-05-06 to 2022-05-05 Goods Inactive
कार्की सप्लायर्स 2021-05-06 to 2022-05-05 Goods Inactive
श्यामबाबु/ओम मित्र जे.भि 2021-05-06 to 2023-05-05 Civil Works Active
अधिकारी निर्माण सेवा 2021-05-06 to 2022-05-05 Civil Works Suspend
Sinosteel Equipment & Engineering Co. Ltd. & Shandong Zhaowei Steel 2021-05-06 to 2023-05-05 Goods Active

***Table No 4.1: Category of Blacklist in Website of PPMO***

| Category | Meaning |
|---|---|
| Active | A contractor is blacklisted for a certain period and is ineligible to take part in the public procurement until that period. |
| Suspended | A contractor is suspended from blacklist as per the courts order and is eligible to take part in the public procurement until such suspension. Later it shall be as per the court decision regarding weather the blacklisted period is to be made active or the contractor shall not be blacklisted in related case. |
| Inactive | The blacklisted period is completed and a contractor is eligible to take part in the public procurement. |

# Situation of Blacklisting

| S.N. | Fiscal Year | No. of Blacklisted |
|---|---|---|
| 1 | 2064/65 | 6 |
| 2 | 2065/66 | 10 |
| 3 | 2066/67 | 15 |
| 4 | 2067/68 | 8 |
| 5 | 2068/69 | 25 |
| 6 | 2069/70 | 13 |
| 7 | 2070/71 | 30 |
| 8 | 2071/72 | 36 |
| 9 | 2072/73 | 18 |
| 10 | 2073/74 | 47 |
| 11 | 2074/75 | 52 |
| 12 | 2075/76 | 50 |
| 13 | 2076/77 | 54 |
| 14 | 2077/78 | 104 |
| 15 | 2078/79 | 84 |
| 16 | 2079/80 | 162 |
| 17 | 2080/81 | 286 |
| 18 | 2081/82 | 99 |
| | Total | 1099 |

# कालो सूची सम्बन्धी समस्याहरु तथा सम्भावित समाधान

✓बोलपत्रदाताले बोलपत्र पेश गर्दा रकममा त्रुटी गरेका कारण सम्झौता गर्न नजाने ।

✓बोलपत्रदाताले समयमा काम सम्पन्न नगरेका कारण पटक पटक म्याद थप गर्दा समेत काम सम्पन्न नगरेका कारण ठेक्का तोड्नु पर्ने।

✓बोलपत्रदाताले गुणस्तरको काम नगरेका कारण ठेक्का तोड्नु पर्ने ।

✓बोलपत्रदाताले पेश गरेको स्पष्टीकरण हेर्दा धाक धम्कीका कारण सम्झौता गर्न नगएको भनी लेखी आएकोमा त्यस सम्बन्धी पुष्टी हुने खाल्का प्रमाण पेश नहुने।

# क्रमश.....

- सार्वजनिक निकायबाट सम्बन्धित कागजातहरु संलग्न नभई आउने, **पटक पटक ताकेता गर्दा समेत कागजात पेश गर्न ढिलाई गर्ने** ।
- सार्वजनिक निकायबाट कालो सूचीमा राख्ने फारम नभरी आउने ।
- सार्वजनिक निकायबाट कालो सूचीमा राख्ने फारम भर्दा सबै जानकारी पदान नगर्ने (कबोल रकम, सम्पर्क नं.) ।
- स्पष्टीकरण माग गर्न बोलपत्रदाताको सम्पर्क नं., इमेल नखुलाएको ।
- कालो सूचीमा परे नपरेको जानकारी लिखित रुपमा माग गर्ने ।
- वैकल्पिक उपचार खोज्दै अदालत जाने आम प्रवृति ।

# क्रमश.....

- ✓जफत गरिएको रकम राजस्व खातामा दाखिला गर्नुपर्नेमा धरौटी खातामा जम्मा गर्ने गरेको
- ✓सार्वजनिक निकायको पदाधिकारीले जानी नजानी आफूबाट भएको गल्ती ढाक्न पनि कालोसुचीमा पठाउने गरिएको ।
- ✓कारवाही छल्नलाई कम्पनीको संचालक हेरफेर हुने गरेको ।
- ✓सा. नि. बाट कालो सूचीमा राख्ने सिफारिस गरेको पठाएपछि पुन कालो सूचीमा नराखिदिनु हुन अनुरोध आउने गरेको ।

# सार्वजनिक खरिद पुनरावलोकन समिति (PPRC) सम्बन्धी व्यवस्था (दफा ४८ अनुसार गठित)

<u>नेपाल सरकारबाट नियुक्त हुने समितिका पदाधिकारी</u>

- अध्यक्ष (१)
- सदस्य (२)

<u>पदावधी</u>

- नियुक्ती भएको मितिले ३ वर्ष
- १ कार्यकाल पुनः नियुक्त हुन सक्ने

# Legal Provision/Procedure of Procurement Review

## निवेदन दिने प्रकृया दफा ४७

- ✓सार्वजनिक निकाय समक्ष निवेदन दिने अवधि (७ दिन)
- ✓सार्वजनिक निकायले जवाफ दिने अवधि (५ दिन)
- ✓PPRC मा निवेदन दिने अवधि (सा.नि.ले जवाफ दिएको ७ दिन भित्र)
- ✓अवधी नाघी प्राप्त भएको निवेदन उपर कुनै कारवाही हुने छैन ।
- ✓**पुनरावलोकन निवेदन खरिद सम्झौता हुनुभन्दा अघिको कारवाहीमा सीमित।**

# क्रमश.....

## रकमको हद नियम १०१

दुई करोड रुपैयाँ भन्दा कम रकम

- समिति समक्ष निवेदन दिन नसकिने

पूर्व योग्यता वा प्राविधिक प्रस्ताव जस्ता मूल्य नखुल्ने प्रकृतिका बोलपत्र वा प्रस्ताव

- समिति समक्ष निवेदन दिन सकिने

# जमानत सम्बन्धी व्यवस्था नियम१०४

पूर्व योग्यताको वा प्राविधिक प्रस्ताव जस्ता मूल्य नखुल्ने प्रकृतिका बोलपत्र वा प्रस्तावमा हकमा पूर्व योग्यताको हकमा नियम ५३ को Provisio बमोजिम एकमुष्ट रकम र प्राविधिक प्रस्तावको हकमा

बोलपत्र जमानतको को १०%

कबोल गरेको रकम को १%

# क्रमश.....

<u>अन्य कार्यविधि</u>

- निवेदन दर्ता भएको ३ दिन भित्र खरिद कारवाही रोक्का
- प्रतिकृया माग
- सुनुवाई
- निर्णय (निवेदन दर्ता भएको ३० दिन भित्र)
- ३० दिन भित्र निर्णय नभएमा सा. नि. ले प्रकृया अगाडी बढाउन सक्छ, निर्णय पर्खिनु परेन ।
- जमातन जफत(५०(७))/फुकुवा (७ दिनभित्र)

# भ्रष्टाचारको कसुर सुचीः

❖ श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त पत्र अनुसार

- भ्रष्टाचारको कसुरमा मुद्दा दायर भएका बोलपत्रदाता, सिलबन्दी दरभाउ पत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म,संस्था वा कम्पनीहरुको विवरण
- विशेष अदालतबाट सफाइ पाएको खण्डमा जानकारी पत्र र फैसलाको नक्कल प्राप्त भएपछि सुचीमा नाम हटाइने ।

# Advice from PPMO

- खरिद कानूनमा अस्पष्ट भएमा राय माग गर्न सकिने
- कार्यालयहरुले मात्र माग गर्ने
- यसका लागि ढाँचाको प्रयोग गर्ने
- कानूनी दुविधामा मात्र राय प्राप्त हुने
- निर्णयका लागि आवश्यक पुष्टयाई हुने कागजातहरु संलग्न हुनुपर्ने

❖ खरिद प्रक्रियामा मार्का परेमा वा पर्ने भएमा गुनासो गर्न सकिने

➢ व्यवसायीले मात्र गुनासो गर्न सक्ने
➢ यसको पहिलो सुनुवाई वा जानकारी सम्वन्धित कार्यालयबाट खोजिने
➢ यस अनुसार सुधार गर्न वा कामको स्पष्टताको वारेमा सम्वन्धित कार्यालयले ध्यान दिनुपर्ने
➢ PPMO ले राय दिने वा निर्देशन दिने वा ध्यानाकर्षण गराउने

# Process to be followed while asking legal advice

कुनै सार्वजनिक निकायबाट राय परामर्श माग गर्ने विषयमा सम्बन्धित सार्वजनिक निकायको प्रमुखको तहबाट निर्णय भएको हुनु पर्नेछ ।

# Standard format to be used for asking advice

- **<u>राय परामर्श माग गर्दा सार्वजनिक निकायले खुलाउनु पर्ने विवरण</u>**
  सार्वजनिक निकायले राय परामर्श माग गर्दा कार्यालयको लेटरप्याड(फोन नम्बर र इमेल ठेगानासहित)मा तपसिल बमोजिमको ढाँचामा पठाउनु पर्नेछ।

- **मामिलाको संक्षिप्त पृष्ठभूमिः**
  *(कामको व्यहोरा,कार्य प्रकृया,हालसम्मको कार्य अवस्था तथा उत्पन्न मुख्य समस्या तथा द्विविधासँग सम्बन्धित व्यहोरा उल्लेख गर्ने)*

# क्रमश.....

- **राय मागसँग सम्बन्धित दफा वा नियमः**
  *(राय माग गरिएको विषय सार्वजनिक खरिद ऐनको कुन दफा वा सार्वजनिक खरिद नियमावलीको कुन नियम वा नमूना बोलपत्र कागजातमा रहेका कुनप्रावधानलगायतसँग सम्बन्धित रहेको हो, सो उल्लेख गर्ने)*

- **आइपरेको समस्या तथा द्विविधा र राय परामर्श माग गर्नुपर्ने कारणः**
  *(कानूनको व्याख्या भएको वा हुने भिन्नताका साथै यसबाट उत्पन्न समस्या तथा द्विविधा के कारणले समाधान हुन सकेन,सो को विवरण उल्लेख गर्ने)*

- **सार्वजनिक निकायले समस्या तथा द्विविधा समाधानका लागि गरेको प्रयासः**
  *(सम्बन्धित सार्वजनिक निकायले समाधानका लागि गरेका प्रयास उल्लेख गर्ने। सार्वजनिक खरिद अनुगमन कार्यालयबाट विगतमा यस्तो प्रकृतिको विषयमा राय नदिएको एकीन गरेको हुनुपर्ने अथवा राय परामर्श दिइसकिएको भए के कारणले सो राय यस समस्यासँग सान्दर्भिक नभएको हो?उल्लेख गर्ने)*

# क्रमश.....

- **कानूनी द्विविधा निराकरणको लागि सार्वजनिक निकायलाई उपयुक्त लागेको सिफारिसः**
  *(सार्वजनिक निकायकको कार्य आवश्यकताको आधारमा के निर्णय गर्न खोजेको हो सो बारेमा उक्तनिकायको दृष्टिकोणसमेत उल्लेख गरी त्यस निकायलाई उपयुक्त लागेको सिफारिस स्पष्टसँग उल्लेख गर्ने)*

- **संलग्न प्रमाण कागजातः**
  *(सार्वजनिक निकायले राय माग गर्ने व्यहोरा स्पष्ट पार्न आवश्यक हुने कागजातहरुको सूची संलग्न गरी पठाउने)*

# Situations on which PPMO does not provide advice

- खरिद ऐन,नियम र नमूना बोलपत्र कागजातमा स्पष्ट उल्लेख भएका विषय
- सार्वजनिक निकायले निर्णयको एक चरण पुरा गरी अर्को चरणमा प्रवेश गरिसकेको अवस्थामा पुर्व निर्णयमा भएका विषय
- कानूनी अस्पष्टता वा द्विविधा नरहेका खरिद सम्बन्धी विषय
- खरिद कानूनको परिधिभन्दा बाहिरका विषय
- यस कार्यालयले जारी गरेको कार्यविधि, निर्देशिका वा नमूना बोलपत्र कागजात प्रयोग नभई गरिएका खरिद सम्बन्धी विषय
- सार्वजनिक निकाय वा निकायका प्रमुख स्वयंले निर्णय लिनुपर्ने भनी स्पष्ट भएका विषय
- सार्वजनिक निकायले गरेको खरिद प्रक्रियामा कुनै किसिमले संलग्न हुने वा तत्सम्बन्धमा उत्पन्न हुने विवाद समाधानसँग सम्बन्धित विषयमा,(सार्वजनिक खरिद ऐनको दफा (६५) को उपदफा (२))

# क्रमश.....

- सार्वजनिक निकाय स्वयंको निर्णयका कारण विवाद सिर्जना भएका विषय
- प्राविधिक वाआर्थिक प्रस्ताव खोली मूल्याङ्कन चरणमा रहेको विषय
- सार्वजनिक निकायबाट निर्धारित ढाँचामा राय परामर्श माग नगरिएको वा ढाँचा प्रयोग गरेको भए पनि आंशिक व्यहोरा मात्र खुलाएको वा पुष्टयाईका लागि यथेष्ट कागजात पेश नगरेको अवस्था
- राय परामर्श माग गर्ने सम्बन्धमा सम्बन्धित सार्वजनिक निकायको प्रमुखको तहबाट निर्णय नभएको विषय
- सार्वजनिक खरिद पुनरावलोकन समितिसँग सम्बन्धित विषय तथा अदालतमा विचाराधीन रहेका विषय
- यस कार्यालयबाट विगतमा राय परामर्श दिइसकिएको विषय
- सार्वजनिक खरिद पुनरावलोकनको चरणमा रहेको विषय

# धन्यवाद

